# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः२०७५/१०/२४

पत्र संख्याः२०७५/०७६

चलानी नम्बर.................

### गोप्य रुपमा सूचना उपलब्ध गराईदिने सम्वन्धी अत्यन्त जरुरी सूचना

### (प्रकाशित मिति :-२०७५/१०/२४)

आठविसकोट नगरपालिकामा सुशासन र सदाचार प्रवर्द्धन गर्न आठविसकोट नगरपालिकाको प्रतिवद्धता सार्वजानिक रुपमा प्रकाशन भईसकेको छ । नगरपालिकाभित्र हुने सदाचार, सुशासन र नैतिक मूल्य मान्यता विपरितका कार्यहरुमा अंकुश लगाई स्वच्छ, सफा, शान्त, सुशानयुक्त, समानतामूलक एवम् न्यायपूर्ण समाजको निर्माण गरी समृद्ध आठविसकोट नगरको दिर्घकालिन लक्ष्य हासिल गर्न सवैको सहयोग, समन्वय, साझेदारी र सहकार्य जरुरी छ । तर्सथ सुशासन र सदाचार प्रवर्द्धन गर्न देहाय बमोजिमका क्रियाकलापहरुको सूक्ष्म रुपमा अध्ययन एवम् निगरानी गरी यस्ता क्रियाकलापहरु कहिकतै भए गरेका पाईएमा गोप्य रुपमा सूचना उपलब्ध गराई सहयोग गरिदिनु हुन सवैको जानकारीको लागी अनुरोध गरिन्छ ।

१. नगरपालिकाको विभिन्न तह र पदमा कार्यरत पदाधिकारी, शिक्षक कर्मचारी वा नगरपालिकाका प्रतिनिधिहरुले सार्वजानिक सेवा प्रवाह, योजना कार्यान्वयन, अनुगमन र नियमन लगायतका कार्यहरु गर्दा सर्वसाधारण जनता, सेवाग्राही, उपभोक्ता समिति लगायतबाट घुस मागी भ्रस्टचार गरेमा वा गर्न खोजेमा,
२. नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी, शिक्षक, नगरपालिकाका प्रतिनिधिहरुले निष्पक्षता, तटस्थता, पारदर्शिता र जवाफदेहीता कायम गर्नुपर्नेमा सो नगरी पदिय

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठबिसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठबिसकोट, रूकुम(पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः२०७५/१०/२४

पत्र संख्याः२०७५/०७६

चलानी नम्बर.................

दायित्व जिम्मेवारी पूर्ण ढङ्गले वहन नगरी एवम् नगराई सेवा प्रवाहमा विलम्व गरेमा वा गर्न खोजेमा,

३. नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी, शिक्षक, नगरपालिकाका प्रतिनिधि तोकिएको समयमा कार्यालयमा उपस्थित नभई सार्वजानिक सेवाप्रवाह गर्न विलम्व गरेमा वा विना कारण अनुपस्थित भएमा वा सेवाग्राहीलाई अनुचित प्रभाव पारी कार्य गर्न खोजेमा,

४. नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी, शिक्षक, नगरपालिकाका प्रतिनिधि जाँडरक्सी, लागूपदार्थ सेवन गरी बरालिएर हिडेमा वा अमर्यादित एवम् अनुशासनहिन काम गरेमा वा हिंसाजन्य कार्यमा संलग्न भएमा,

५. नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी, शिक्षक, नगरपालिकाका प्रतिनिधिले यस्तै र अन्य सुशासन र सदाचार प्रवर्द्धन गर्ने कार्यमा वाधकको रुपमा काम गरेमा तुरुन्त नगरपालिकाको कार्यालय वा सम्वन्धीत वडा कार्यालय वा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा राष्ट्रिय सतर्कता केन्द्र वा मोवाइल नं. ९७४१३८९९६१, ९८४९२८१०९७, ९७४८५०३१३८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सबैलाई ज्ञात होस् : "घुस लिने र दिने दुवै देशका शत्रु हुन, समृद्धि र विकासका बाधक हुन्, सुशासन र सदाचारका कलंक हुन् ।"**

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत